**बैठक संख्याः २५**

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको २०७७।०१।२९ गते सोमबार दिनको २.०० बजे बसेको बैठकले विश्वव्यापी महामारीको रुपमा देखा परेको नोवल कोरोना भाइरस (कोभिड–१९) को कारणबाट नेपालमा स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखा परेको नकारात्मक असर र सो सम्बन्धमा नेपाल सरकारले अवलम्बन गरेको नीतिको सन्दर्भमा छलफल गरी संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम ३० बमोजिम देहायको बिषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत सम्बद्ध अन्य मन्त्रालयलाई देहायको सुझाव तथा निर्देशन दिने निर्णय गरियो ।

१. कोभिड-१९ को परीक्षणको दायराको क्षेत्रलाई यथाशीघ्र व्यापक बनाउनु पर्ने । बिशेषत: भारत लगायत अन्य मुलुकबाट नेपाल आई क्वारेन्टिन (quarantine) मा बसेका व्यक्तिको परीक्षण तत्काल गर्न,

२. कोभिड-१९ को परीक्षण विधिमा RDT (Rapid Diagnostic Test) विश्वसनीय र भरपर्दो नभएको भन्ने बिषय बारम्बार उठिरहेको र विभिन्न तथ्यहरुबाट पनि सोही परिणाम देखाएको सन्दर्भमा PCR (Polymerase Chain Reaction) विधिबाट परीक्षण गर्न जोड दिन,

३. राहत सामग्री वितरणलाई व्यवस्थित, नियमित तथा पारदर्शी बनाई देशका विभिन्न स्थानमा दैनिक गुजारा गर्न कठिन अवस्थामा रहेका, वास्तविक रुपमा नै आर्थिक अवस्था कमजोर भएका जनता विशेषत: ज्यालादारी तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक र न्यून आय भएका बर्गलाई लक्षित गर्नु पर्ने । नेपाल सरकार र प्रदेश सरकारको समन्वयमा स्थानीय तहबाट क्वारेन्टिन (quarantine) मा राखिएका व्यक्तिको लागि दैनिक खाना लगायत अन्य आवश्यक सामग्रीको व्यवस्था गर्न । साथै, राहत वितरणमा कुनै भेदभाव भएमा प्रचलित कानून बमोजिम स्थानीय तहका जिम्मेवार पदाधिकारी वा सम्बन्धित जिम्मेवार व्यक्तिलाई कारबाही चलाउन,

४. नेपाल भारतको सीमावर्ती क्षेत्रहरुमा आएर बसेका नेपाली नागरिकहरु खास गरी महिला, बालबालिका लगायत अन्य नागरिकहरुलाई कोभिड–१९ नियन्त्रण सम्बन्धी विश्व स्वास्थ्य संगठन (World Health Organization) को मापदण्ड अनुसारको शर्तको पालना गरी व्यवस्थित रुपमा आफ्नो घर फर्कन यथाशीघ्र आवश्यक पहल गर्न,

संघीय संसद सचिवालय

५. भारत बाहेक तेस्रो मुलुकमा रहेका नेपाली नागरिकका सम्बन्धमा सम्बन्धित मुलुक हेर्ने दूतावासलाई सक्रिय गराउन र ती मुलुकमा अलपत्र परेका नागरिकलाई सहयोग गर्न तत्काल कार्ययोजना बनाई लागू गर्न,

६. औषधी, उपकरण र स्वास्थ्यकर्मीको अभाव भएका जिल्लामा स्वास्थ्य सामग्री र जनशक्तिको व्यवस्था गर्न साथै, अस्पताल तथा मानिसहरुको भिडभाड हुने तथा सीमावर्ती क्षेत्रमा खटिएका सुरक्षकर्मीहरुको लागि व्यक्तिगत स्वास्थ्य सुरक्षा उपकरणको प्रबन्ध मिलाउन,

७. कोरोना भाइरस (कोभिड–१९) को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा प्रयोग गरिने औषधि, उपकरण, उपचार सामग्रीको आपूर्ति र संक्रमित व्यक्तिहरुको व्यवस्थापन गर्न, आवश्यक पूर्वाधार निर्माण र सो कार्यसँग सम्बन्धित जनशक्ति परिचालन र नेपाल सरकारको निर्णय बमोजिम राहत वितरण गर्न आवश्यक स्रोत परिचालन गर्न, स्थापित **कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष संचालन निर्देशिका, २०७६ मा** जम्मा भएको रकमलाई जनमुखी तवरले खर्च गर्न र उक्त कोषको सञ्चालन सम्बन्धमा भए गरेका गतिविधिलाई यथाशीघ्र पारदर्शी गर्न,

८. संक्रामक रोगको रोकथाम, न्यूनीकरण तथा नियन्त्रणका लागि समन्वय, सहकार्य र सामन्जस्यताको अधिकतम आवश्यकता पर्ने भएको हुँदा संघ, प्रदेश र स्थानीय तह बीचका सरकार तथा सबै संघीय ईकाइबीचको समन्वय, सहकार्य र सामन्जस्यतालाई प्रभावकारी तवरले सञ्चालन गर्न,

९. संक्रामक रोग तथा महामारीको रोकथाम, न्यूनीकरण वा निर्मुल गर्नको लागि नेपाल सरकारले अवलम्बन गर्नु पर्ने आवश्यक उपाय तथा विधि जस्तै संक्रामक रोगको सम्बन्धमा आवश्यकता अनुसार मानिसको आवत जावतमा बन्दाबन्दी (Lockdown) गर्ने, नागरिक सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, सुरक्षा निकायलाई परिचालन गर्ने, शारिरीक दूरी (Social Distancing) कायम गर्ने, आपूर्ति व्यवस्थालाई चुस्त दुरुस्त बनाई राख्ने, शिक्षण संस्था तथा अन्य क्षेत्रलाई बन्दाबन्दी (Lockdown) को समय र तत्पश्चातको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा आवश्यक कार्य गर्ने गरी निश्चित कार्ययोजना लागू गर्न,

१०. महिला, बालबालिका, शारीरिक रुपले अशक्त, विभिन्न रोगबाट पिडीत विरामी तथा जेष्ठ नागरिकलाई बिशेष प्राथमिकता दिने गरी स्वास्थ्य उपचार सम्बन्धी व्यबस्था गर्न,

११. नेपालभर लागू भएको बन्दाबन्दी (Lockdown) लाई आवश्यकता अनुरुप परिमार्जन गर्दै लैजान आवश्यक व्यवस्थापनका कार्य गर्न ।

संघीय संसद सचिवालय